# सार्वजनिक सन्देशमुलक रेडियो सामग्री उत्पादन तथा प्रसारण कार्यविधी, २०७८

## आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय

लुम्बिनी प्रदेश, मुकामः बुटवल ।

# <u>सार्वजनिक सन्देशमुलक रेडियो सामग्री उत्पादन तथा प्रसारण कार्यविधि २०७८</u>

**<u>प्रस्तावनाः</u>**जनताको सूचना पाउने हकको सुनिश्चित गर्न जनतासम्म सूचना तथा समाचारहरु पुऱ्याउन आमसञ्चार माध्यमको दिगो विकासमा टेवा पुऱ्याउन आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको आ.व. २०७८/०७९ मा स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको सार्वजनिक सन्देशमुलक रेडियो सामग्री उत्पादन तथा प्रसारण कार्यक्रमलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न यो कार्यविधि बनाई लागू गरिएको छ ।

१. **<u>कार्यविधिको नाम र प्रारम्भः</u>**(१) यस कार्यविधिको नाम "सार्वजनिक सन्देशमुलक रेडियो सामग्री उत्पादन तथा प्रसारण कार्यविधि, २०७८" रहको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"रेडियो"** भन्नाले कानून बमोजिम दर्ता भई प्रदेश भित्र संचालनमा रही आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयमा सूचिकृत भएका एफ.एम रेडियोलाई बुझाउनेछ ।

(ख) **"निर्देशक समिति"** भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(ग) **"कार्यक्रम"**भन्नाले सार्वजनिक सन्देशमुलक रेडियो सामग्री उत्पादन तथा प्रसारण कार्यक्रम सम्झनु पर्दछ ।

(घ) **"कार्यक्रम संचालन समिति"** भन्नाले दफा ४ बमोजिम गठिन समिति सम्झनु पर्दछ ।

(घ)**"सन्देशमूलक सामग्री"** भन्नाले मन्त्रालयले उत्पादन तथा प्रसारण गर्ने चेतनामूलक एवं सूचनामूलक रेडियो प्रशारण सामग्री सम्झनुपर्छ र सो शब्दले प्रकोपको अवस्थामा मन्त्रालयको अनुमतिमा प्रसारण गरिने सूचना वा सन्देशमूलक सामग्रीलाई समेत जनाउँदछ ।

(ङ) **"प्रदेश"** भन्नाले लुम्बिनी प्रदेश सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय सम्झनु पर्दछ ।

३. **निर्देशक समितिको गठनः** (१) सार्वजनिक सन्देशमुलक रेडियो सामग्री उत्पादन तथा प्रसारण सम्बन्धमा आवश्यक निर्देशन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछः-

क. मन्त्री, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय - संयोजक

ख. सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

ग. सचिव, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय - सदस्य

घ. सचिव, कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय - सदस्य

ङ. प्रमुख, सञ्चार तथा सूचना प्रविधि महाशाखा, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय — सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले आवश्यक ठानेमा विषयसंग सम्बन्धित बढीमा दुई जनालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क. कार्यक्रम सञ्चालनका लागि विषयवस्तु तथा क्षेत्र सम्बन्धि निर्देशन दिने,

ख. उत्पादित सन्देशमुलक रेडियो सामग्री स्वीकृत गर्ने,

ग. सम्झौता अनुसार कार्य सम्पादन भए नभएको विषयमा अनुगमन गरी आवश्यक निर्देशन दिने,

घ. लोक कल्याणकारी तथा प्रर्वद्धनात्मक कार्यक्रम/सन्देश उत्पादन तथा प्रशारण सम्बन्धमा आवश्यक निर्देशन दिने ।

५. **कार्यक्रम संचालन समितिको गठनः** (१) कार्यक्रम संचालन गर्न देहाय बमोजिमको कार्यक्रम संचालन समिति रहनेछः

| | |
|---|---|
| (क) सचिव, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय | -संयोजक |
| (ख) महाशाखा प्रमुख सञ्चार तथा सूचना प्रविधि महाशाखा | -सदस्य |
| (ग) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा सहकारी मन्त्रालय | -सदस्य |
| (घ) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा | -सदस्य |
| (ङ) कानून अधिकृत, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय | -सदस्य |
| (च) शाखा प्रमुख, सञ्चार शाखा | -सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको सचिवालयको काम सञ्चार शाखाले गर्नेछ ।

६. **कार्यक्रम संचालन समितिका काम, कर्तव्य र अधिकारः** (१) कार्यक्रम संचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक सन्देशमुलक सामग्री रेडियो सूचना उत्पादन तथा प्रसारणका लागि सूचिकृत भएका रेडियोहरुको तथ्यगत विवरण तयार गर्ने

(ख) सार्वजनिक सन्देशमुलक रेडियो सामग्री प्रसारणको लागि रेडियोहरुबाट आवेदन गर्न सूचना तयार गर्ने

(ग) प्राप्त आवेदन छानविन गरी शर्त पूरा गरेका एफ.एम. रेडियोलाई सार्वजनिक सन्देशमुलक रेडियो सामग्री प्रसारणका लागि छनौट गर्ने

(घ) मन्त्रालयबाट निर्माण भएको सार्वजनिक सन्देशमुलक रेडियो सामग्रीको छनौट गर्ने, प्रसारण तालिका र प्रसारणको समय निर्धारण गर्ने,

(ङ) सार्वजनिक सन्देशमुलक रेडियो सामग्रीप्रसारणको अनुगमन गर्ने,

(च) निर्देशक समितिले तोकेका अन्य कामहरु गर्ने,

७. **सन्देशमुलक सामग्री उत्पादनः** (१) मन्त्रालयले सन्देशमुलक सामग्रीको विषयवस्तु निर्धारण गरी प्रचलित कानून बमोजिम सूचना उत्पादन गर्नेछ ।

(२) मन्त्रालयले सन्देशमुलक सामग्री उत्पादन गर्नका लागि पन्ध्र दिनको सूचना दिइ प्रस्ताव माग गरि छनौट भएको संस्था/रेडियो सँग कार्यक्रम उत्पादन सम्झौता गर्ने छ ।

(३) सन्देशमुलक सामग्री उत्पादन सम्बन्धी माथि जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश मन्त्रालयहरुले उत्पादन गरी हस्तान्तरण गरेका सन्देशमुलक सामग्रीहरु, मन्त्रालयले प्रसारण गर्न/गराउँन सक्नेछ ।

८. **सन्देशमुलक सामग्रीको छनौटः** (१) दफा ६ बमोजिम उत्पादन गरिने सन्देशमुलक सामग्रीको विषयवस्तु निर्धारण गर्दा प्राकृतिक, सामाजिक तथा साँस्कृतिक विविधतालाई सम्मान गरिनेछ, जसले प्रदेशको गरिमा प्रवर्द्धन, विकास र समृद्धिमा टेवा पुर्याउनेछ ।

(२) निर्माण भएको सन्देशमुलक सामग्री निर्देशक समितिबाट स्वीकृती भए पछी प्रशारण गरिनेछ ।

९. **सूचना प्रकाशनः** (१) मन्त्रालयले सार्वजनिक सन्देशमुलक रेडियो सामग्री प्रसारणका लागि कम्तीमा पन्ध्र दिनको समयावधि दिई मन्त्रालयको वेवसाइटमा सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन भएको सूचनामा उल्लिखित म्यादभित्र कार्यक्रममा सहभागि हुन चाहने रेडियोले अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा आवेदन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्याद भित्र आवेदन दिन नआउने रेडियोलाई कार्यक्रममा सम्मिलित गराइने छैन ।

१०. **रेडियोहरुको वर्गीकरणः** (१) दफा ८ बमोजिम आवेदन गरेका एफ.एम. रेडियोहरुलाई मन्त्रालयले देहाय बमोजिम तीन तहमा वर्गिकरण गर्नेछः-

(१) २५० वाट सम्म,

(२) २५० देखी १००० वाट सम्म ।

(३) १००० वाट भन्दा माथि ।

**११. सन्देशमुलक सामग्रीको प्रसारण दररेटः** (१) सन्देशमुलक सामग्रीको प्रसारण गरे वापत रेडियोलाई देहाय बमोजिमको दरमा रकम उपलब्ध गराइने छ ।

| क्र.सं | वितरण समय | प्रति मिनेट दर भ्याट सहित | | |
|---|---|---|---|---|
| | | २५० वाट | २५० देखी १००० सम्म | १००० वाट भन्दा माथि |
| १ | विशेष प्राईम | २०० | २५० | ३०० |
| २ | प्राईम | १५० | १७५ | २०० |
| ३ | साधारण | १०० | १२५ | १५० |

(२) रेडियोले सन्देशमुलक सामग्रीको प्रसारण कुन समयमा कति पटक प्रशारण गर्ने भन्ने सम्बन्धमा कार्यक्रम संचालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) कार्यक्रम संचालक समितिको निर्देशन रेडियोले पालना गर्नुपर्नेछ ।

(४) मन्त्रालयलाई रेडियोले सन्देशमुलक सामग्री प्रसारण समयको पूर्व जानकारी उपलब्ध गराउनु पर्नेछ र प्रसारण भएको सूचनाको एक प्रति मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) रेडियोले सन्देशमुलक सामग्री प्रशारण गरेको स्पष्ट प्रमाण खुल्ने गरी अभिलेख राख्नु पर्नेछ ।

(६) सन्देशमुलक सामग्री प्रशारण सम्बन्धी विवरणलाई मन्त्रालयले वेबसाइट मार्फत सार्वजनिक गर्न सक्नेछ ।

**१२. प्रसारण अनुगमन सम्बन्धी व्यवस्थाः** (१) तोकिए बमोजिम रेडियोले सन्देशमुलक सामग्री प्रसारण गरे नगरेको सम्बन्धमा मन्त्रालय तथा कार्यक्रम संचालन समितिले अनुगमन गर्नेछ ।

(२) कुनै रेडियोले सन्देशमुलक सामग्री प्रसारण सम्बन्धमा गलत विवरण पेश गरेको प्रमाणित भएमा मन्त्रालयले त्यस्तो रेडियोलाई कम्तीमा दुई वर्ष कार्यक्रममा सहभागि गराउने छैन ।

**१३. रकम भुक्तानीः**(१) यस कार्यविधि बमोजिम छनौट भएको संस्था/रेडियोले रकम भुक्तानीको लागि सन्देशमुलक सामग्री उत्पादन/प्रसारण गरेको प्रमाण (सि.डि. मा श्रव्य सामग्री) सहित आवश्यक कागजात मन्त्रालयमा उपलब्ध गराएपश्चात् मात्र भुक्तानी पाउनेछ ।

(२) मन्त्रालयले सन्देशमुलक सामग्री प्रसारण वापतको रकम प्रत्येक तीन महिनामा भुक्तानी गर्नेछ ।

अनुसूची-१

(दफा ८को उपदफा (२) सँग सम्बन्धित)

<u>सन्देशमूलक रेडियो सामग्री प्रसारणका लागि दिने आवेदनको ढाँचा</u>

मितिः.............................

श्री आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय

लुम्बिनी प्रदेश, मुकामः बुटवल, नेपाल ।

<u>विषयः सन्देशमूलक रेडियो सामग्री प्रसारणका लागि आवेदन</u> ।

उपरोक्त विषयमा सन्देशमूलक रेडियो सामग्री प्रसारणका लागि देहाय बमोजिमको विवरण सहित आवेदन पेश गरेको छु / छौ ।

१. संस्थागत विवरणः

| |
|---|
| एफ.एम. रेडियोको नाम/ठेगानाः- |
| संस्था दर्ता नं.:- |
| स्थाई लेखा नं.:- |
| ई-मेल ठेगानाः |
| सम्पर्क नं.: |
| प्रसारणमा प्रयोग हुने कलसाइनः |
| फ्रिक्वेन्सीः |
| व्याण्डः |

२. प्रसारणमा प्रयोग हुने भाषाः

३. प्रसारणको समयावधिः

४. प्रसारण गरिने कार्यक्रमको प्रकृतिः

५. नवीकरण भएको मितिः

६. रेडियोको प्रसारण क्षमता (वाटमा):

७. इजाजत पत्र नं.:

८. सन्देशमूलक सामग्री प्रसारण गर्ने समयः

९. निवेदनसँग संलग्न गर्नु पर्ने कागजातहरुः

(क) संस्था दर्ता प्रमाण-पत्र

(ख) संस्था अध्यावधिक प्रमाण-पत्र

(ग) कर चुक्ता प्रमाण-पत्र

| एफ.एम. रेडियोको छाप |
|---|

................................रेडियोको तर्फबाट

अधिकार प्राप्तव्यक्तिको:

नाम:

ठेगाना:

सम्पर्क नं:

दस्तखत: